आज मिति २०७८ पौष २० गतेका दिन देवघाट गाउँपालिका, गाउँ सभाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा गाउँ सभाको नवौं अधिवेशनको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री भिम बहादुर गुरुङ | गाउँ सभा सदस्य (१ नं. वडाध्यक्ष) |
| ४) | श्री पोल बहादुर आले | गाउँ सभा सदस्य (२ नं. वडाध्यक्ष) |
| ५) | श्री कृतिमान आले | गाउँ सभा सदस्य (३ नं. वडाध्यक्ष) |
| ६) | श्री पदम बहादुर गुरुङ | गाउँ सभा सदस्य (४ नं. वडाध्यक्ष) |
| ७) | श्री याल बहादुर गुरुङ | गाउँ सभा सदस्य (५ नं. वडाध्यक्ष) |
| ८) | श्री चन्द्र प्रकाश वि.क. | गाउँ सभा सदस्य |
| ९) | श्री रत्न बहादुर बोटे | गाउँ सभा सदस्य |
| १०) | श्री बाल कुमारी परियार | गाउँ सभा सदस्य |
| ११) | श्री भोगी माया राना | गाउँ सभा सदस्य |
| १२) | श्री अनिता गुरुङ | गाउँ सभा सदस्य |
| १३) | श्री यम माया गुरुङ | गाउँ सभा सदस्य |
| १४) | श्री बग माया गुरुङ | गाउँ सभा सदस्य |
| १५) | श्री सुन्दर भुजेल | गाउँ सभा सदस्य |

| | |
|---|---|
| १६) श्री मन बहादुर गुरुङ | गाउँ सभा सदस्य |
| १७) श्री नानु माया वि.क. | गाउँ सभा सदस्य |
| १८) श्री बिर बहादुर थापा | गाउँ सभा सदस्य |
| १९) श्री छविजङ्ग ठकुरी | गाउँ सभा सदस्य |
| २०) चुम बहादुर राना | गाउँ सभा सदस्य |
| २१) दुर्गा बहादुर गुरुङ | गाउँ सभा सदस्य |
| २२) मन माया वि.क. | गाउँ सभा सदस्य |
| २३) पशुपती तिवारी | गाउँ सभा सदस्य |
| २४) दुर्गामान गुरुङ | गाउँ सभा सदस्य |
| २५) कालि माया दर्जी | गाउँ सभा सदस्य |
| २६) टुकनाथ अधिकारी | गाउँ सभा सदस्य |
| २७) भोजराज नैनावस्ती | गाउँ सभा सदस्य |
| २८) ठाकुर कुमारी क्षेत्रिनी | गाउँ सभा सदस्य |
| २९) फुल माया वि.क. | गाउँ सभा सदस्य |

| | |
|---|---|
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

# देवघाट गाउँपालिका
## गाउँ सभा
## नवौं अधिवेशन

### कार्यसूची र निर्णय

नवौं अधिवेशन (वैठक) मितिः २०७८/०९/२० गते मंगलबार
वैठक स्थानः गाउँपालिका सभा हल
अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री दुर्ग बहादुर थापा
वैठकमा उपस्थितः २९ जना सभा सदस्य

**कार्यसूची नं. १) देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, २०७८**

**निर्णय व्यहोराः** आर्थिक विकास समिति श्री पदम बहादुर गुरुङ (वडा नं. ४ वडा अध्यक्ष) बाट गाउँपालिकाको आर्थिक ऐन, २०७८ मा संशोधन प्रस्ताव प्रस्तुत भयो । संशोधनको विषय सोही ऐनको अनुसूची — १३ संशोधन रहेको थियो । सभा अध्यक्षबाट सभामा निर्णयार्थ प्रस्तुत भई छलफल पश्चात सर्वसम्मतबाट स्वीकृत भएको निर्णय गरियो साथै स्टक प्रमाणित सम्बन्धमा मिति २०७८/०३/३१ मा प्रकाशित सूचनामा प्रति घ.मि. रु. ५०/- वातावरण शुल्क उल्लेख भएपनि यसै संशोधित आर्थिक विधेयक अनुसार नै रु. २०/- कायम गर्ने निर्णय गरियो र सोही अनुसार सभा अध्यक्षबाट स्वीकृत भएको घोषणा भयो ।

**कार्यसूची नं. २) देवघाट गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८**

**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाका शिक्षा समिति सदस्य एवं वडा नं. ५ का वडा अध्यक्षबाट शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सभामा प्रस्तुत भयो । सभा अध्यक्षबाट सभामा छलफल र निर्णयार्थ प्रस्ताव भई छलफल पश्चात सर्व सम्मतले स्वीकृत भएको निर्णय गरियो र सोही अनुसार सभा अध्यक्षबाट स्वीकृत भएको घोषणा गरियो ।

**कार्यसूची नं. ३) देवघाट गाउँपालिका खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८**

**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष श्री कृतिमान आलेबाट देवघाट गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता विधेयक, २०७८ सभामा प्रस्तुत भयो । सभाका अध्यक्षबाट सभामा छलफल र निर्णयार्थ प्रस्ताव भई छलफल

गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

दुर्ग बहादुर थापा
अध्यक्ष

पश्चात सर्वसम्मतले स्वीकृत भएको निर्णय गरियो र सोही अनुसार सभा अध्यक्षबाट स्वीकृत भएको घोषणा गरियो ।

**कार्यसूची नं. ४) गाउँपालिका उपाध्यक्ष श्री विमला थापाबाट देवघाट गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटमा संशोधन**

**निर्णयको व्यहोराः** गाउँपालिका उपाध्यक्ष श्री विमला थापाबाट देवघाट गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटमा संशोधन प्रस्ताव सभामा प्रस्तुत भयो । सभाका अध्यक्षबाट सभामा छलफल र निर्णयार्थ प्रस्ताव भई छलफल पश्चात तपसिल अनुसार थपघट सहित सर्वसम्मतले स्वीकृत भएको निर्णय गरियो । सोही अनुसार सभा अध्यक्षबाट स्वीकृत भएको घोषणा गरियो ।

तपसिलः

१. आ.व. २०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा संशोधन

   १) वडा नं. ५ मा रहेको महेश संस्कृत गुरुकुल विद्यापिठबाट संचालन हुने गरी रामानन्द अनुसन्धान केन्द्र स्थापना गरिने छ। उक्त रामानन्द अनुसन्धान केन्द्र निर्माण तथा संचालनको लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय सहयोगको लागि पहल एवम् समन्वय गरिनेछ।

   २) विद्यालयका लेखा कर्मचारी, कार्यालय सहयोगी र वालविकास कक्षाका स.का.हरुको तलब तपसिल अनुसार बृद्धि गरिने छ। बृद्धि सहितको तलब २०७८ श्रावण महिनादेखि लागू हुनेछ।

   क) **स.का.**

   - SLC/SEE भन्दा कम शैक्षिक योग्यता - ११,०००।-
   - SLC/SEE उत्तिर्ण शैक्षिक योग्यता - १३,०००।-
   - प्रमाणपत्र तह/१२ कक्षा शैक्षिक योग्यता - १५,०००।-

   ख) **विद्यालयका लेखा कर्मचारी** - १५,०००।-

   ग) **विद्यालय कार्यालय सहयोगी**

   - १-५ कक्षा - १०,०००।-
   - १-८ कक्षा - १२,०००।-
   - १-१० तथा +२ - १५,०००।-

२. घिनाटार चोकबाट टाउनचोक हुँदै देउपुर सम्मको सडक कालोपत्रे गरिने छ। यसको लागि लागत साझेदारीको लागि सम्बन्धित निकायमा माग गरि पठाइने छ।

३. ग र घ वर्गका अपाङ्गहरुलाई मासिक जिविकोपार्जन स्वरुप रु.५००।- नगद भत्ता दिइने छ।

४. गाउँपालिकाले वाटर सेन्टर ट्वान्टी वान पहलसँगै जलस्रोत, कृषि, पर्यटन, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी काममा सहकार्य गरी काम गर्नेछ।

५. पूर्ण सरसफाई कार्यक्रममा स्वयंसेवक परिचालन गरिनेछ। स्वयंसेवकलाई प्रति व्यक्ति प्रति महिना रु. २०,०००।- पारिश्रमिक दिइनेछ।

देवघाट गाउँपालिका कार्यपालिकाको कार्यालय, देवघाट, तनहुँ, गण्डकी प्रदेश, नेपाल

दुर्ग बहादुर थापा
अध्यक्ष

६. पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्न तेश्रो पक्ष संघ संस्था वा परामर्शबाट अनुगमन तथा सहजीकरण गरिनेछ ।

७. गाउँपालिकाको गतिविधि, कार्यक्रम संचार माध्यममा पुऱ्याउन र सञ्चारको क्षेत्रमा गाउँपालिकालाई आवश्यक राय, सुझाव, सल्लाह दिनको लागि प्रेश सल्लाहकारसँग २०७८ श्रावणमा सम्झौता भएकोमा त्यसलाई निरन्तरता दिई २०७९ आषाढ मसान्तसम्म कायम गरिनेछ ।

८. **कार्यक्रम तथा बजेटमा संशोधन गर्नुपर्ने (थपघट समेत) :-**

| क्र.सं. | सि.नं. | साविक स्वीकृत कार्यक्रम/योजना | रकम | श्रोत | संशोधन तथा हुनपर्ने कार्यक्रम/योजना/बजेट | रकम | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| १ | ३४६ | पुलको मुखको ढुङ्गेधारा व्यवस्थापन तथा सुधार ( कटौती) | २००,०००.०० | | घिनाटार देखि गाउँपालिका, टाउन चोक हुँदै देउपुर डबलीसम्म धार्मिक मोटर बाटो डि.पि.आर. गर्ने कार्य | ३००,०००.०० | ५ |
| २ | ३२२ | गाउँपालिका कार्यालय देखि बोटेटोल सम्म जाने बाटो विस्तार एवं ग्रावेल (कटौती) | १००,०००.०० | | | | |
| ३ | ३५० | वगन्दी स्वास्थ्य इकाई भवन कम्पाउण्डिङ ( संशोधन) | २००,०००.०० | | वगन्दी स्वास्थ्य इकाई भवन कम्पाउण्डिङ | १२८,०००.०० | ५ |
| | | | | | वगन्दी स्वास्थ्य इकाई कार्यालयको कार्यालय सहयोगीको तलब | १७२,०००.०० | ५ |
| ४ | ३५३ | भैपरी आउने खर्च पुन: निर्माण ५ नं. को .( कटौती) | ५०,०००.०० | | बिजुली सडक बत्ती मर्मत संभार, पुलको मुखदेखि धार्मिक क्षेत्र, टाउन चोक, वेणी संगम, चक्रवर्ती क्षेत्र | ५०,०००.०० | ५ |
| ५ | ३२१ | सिटीहल देखि सिन्दुरे खोलासम्म बाटो विस्तार (कटौती) | १००,०००.०० | | टाउन चोकबाट राम मन्दिर-महेश आश्रम हुँदै सिताराम टोल जाने बाटो ग्रावेल | १००,०००.०० | ५ |
| ६ | ३४३ | खहरे खोला सिंचाई योजना (कटौती) | २००,०००.०० | | सेती भतेरीबाट चापागाई मन्दिर हुँदै मूलबाटो जोड्ने उकालोमा ग्रावेल | १००,०००.०० | ५ |
| ७ | ३४३ | खहरे खोला सिंचाई योजना कटौतीबाट महादेव टोलमा खानेपानीको ठुलो रिजर्व ट्याङ्की निर्माण रु १ लाख थप गर्ने | १००,०००.०० | | महादेव टोलमा खानेपानीको ठुलो रिजर्व ट्याङ्की निर्माण रु १ लाख थप गर्ने | ६००,०००.०० | |

दुर्गा बहादुर थापा
अध्यक्ष

| क्र.सं. | सि.नं. | साविक स्वीकृत कार्यक्रम/योजना | रकम | श्रोत | संशोधन तथा हुनपर्ने कार्यक्रम/योजना/बजेट | रकम | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| ८ | ३३८ | काली भतेरी नाली निर्माण (कटौती) | २००,०००.०० | | सेती भतेरी खानेपानी उपभोक्ता सदस्यहरुको मिटर वितरण | १००,०००.०० | ५ |
| | | | | | मधुवन चोकबाट दण्डवारी खानेपानी अफिस बाटो विस्तार | ५०,०००.०० | ५ |
| | | | | | अधुरो भर्जन खोला कल्भर्ट सम्पन्न | ५०,०००.०० | ५ |
| ९ | १४२ | भ्याक्सिन खरिद (पशु स्वास्थ्य तर्फ) (शिर्षक संशोधन) | २००,०००.०० | | पशु भ्याक्सिन व्यवस्थापन तथा भ्याक्सिनेटर पारिश्रमिक | २००,०००.०० | |
| १० | २९३ | गाईघाट घुम्रीकुना शाखा मोटर मार्ग निर्माण तथा मर्मत योजना (कटौती) | २००,०००.०० | | गाईघाट बेलडाँडा मोटर मार्ग मर्मत योजनामा रु २ लाख थप गर्ने | ५००,०००.०० | ४ |
| ११ | २० | आइलिम नर्थरी काफलस्वाँरा पदमार्ग ( प्रधानमन्त्री रोजगार कार्यक्रम) (कटौती) | १५०,०००.०० | | आमडाँडा वेशीको झोलुङ्गे पुलदेखिको गाउँ जाने पदमार्ग निर्माण ( प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत थप) | १५०,०००.०० | ४ |
| १२ | ११५ | निःशुल्क शिविर तथा साझेदारी कार्यक्रम/अनुगमन खर्च/आवश्यक स्वास्थ्य कार्यक्रम संचालन तथा व्यक्ति करार अपुग तलब र फिल्ड भत्ता | ४००,०००.०० | | निःशुल्क शिविर तथा साझेदारी कार्यक्रम/अनुगमन खर्च/आवश्यक स्वास्थ्य कार्यक्रम संचालन तथा व्यक्ति करार अपुग तलब र फिल्ड भत्ताको | ३१०,०००.०० | |
| | | | | | सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको सम्मानजनक विदाई | ४०,०००.०० | |
| | | | | | सरसफाई प्रवर्धन तथा गर्भवतीको लागि पोषण प्याकेज कार्यक्रम ( छिपछिपे स्वास्थ्य चौकी) | ५०,०००.०० | |
| १३ | १४९ | किटनाषक विषादी खरिद | ३००,०००.०० | | उन्नत जातको धानको बीउ वितरण | ३००,०००.०० | |
| १४ | १४८ | कृषि तथा वाली महामारी नियन्त्रण विषादी खरिद (निर्णय गर्नुपर्ने) | २००,०००.०० | | कृषि तथा वाली महामारी नियन्त्रण विषादी खरिद (७५% अनुदानमा वितरण गर्ने निर्णय गर्नुपर्ने) | २००,०००.०० | |

दुर्ग बहादुर थापा
अध्यक्ष

गाउँपालिकाको कार्यालय, गण्डकी प्रदेश, नेपाल २०७४

| क्र.सं. | सि.नं. | साविक स्वीकृत कार्यक्रम/योजना | रकम | श्रोत | संशोधन तथा हुनपर्ने कार्यक्रम/योजना/बजेट | रकम | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| १५ | ६७ | बाली संरक्षण तथा ५०% अनुदानमा विषादी खरिद वितरण कार्यक्रम (निर्णय गर्नुपर्ने) | १५०,०००.०० | | (बाली संरक्षण तथा ५०% अनुदानमा विषादी खरिद वितरण कार्यक्रम ७५%) अनुदानमा वितरण गर्ने निर्णय गर्नुपर्ने) | १५०,०००.०० | |
| १६ | ९९ | लिचि पकेट कार्यक्रम भुक्तानी बाँकी २०७७/०७८ | ५००,०००.०० | | लिचि पकेट कार्यक्रम भुक्तानी बाँकी २०७७/०७८ (भुक्तानी दिनको लागि निर्णय गर्ने) | ५००,०००.०० | |
| १७ | ३४८ | वगन्दी देखि गाईघाट जोडेने मोटरमार्ग ट्र्याक जोड्ने (बजेट थप) | ५००,०००.०० | | वगन्दी देखि गाईघाट जोडेने मोटरमार्ग ट्र्याक जोड्ने | ९००,०००.०० | ५ |
| १८ | ३२५ | देउपुर खेलकुद पार्क ( कटौती) | २००,०००.०० | | | | |
| १९ | ३१८ | क्यूदीखर्क देखि दोभान भड्खारा हुँदै भारखानी सम्मको बाटो (कटौती) | २००,०००.०० | | | | |
| २० | २५० | पशु कृषि (समपुरक कोष) आय आर्जन तथा गोठ तथा भकारो सुधार | ६५०,०००.०० | | गोपिटार वाल विकास केन्द्र भवन निर्माण | २५०,०००.०० | १ |
| | | | | | डोँडे खोला देखि सालडाँडा मोटरमार्ग नयाँ ट्र्याक | ४००,०००.०० | ४ |
| २१ | २४८ | बसेनीटार पहिरो नियन्त्रण | १००,०००.०० | | ठुलो खोला कुलो मर्मत | १००,०००.०० | १ |
| | | जम्मा | ४,९००,०००.०० | | | ५,७००,०००.०० | |

## ९. थप नयाँ योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | रकम (हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | बहुउद्देश्यीय पोषण कार्यक्रम | २०० | |
| २ | अन्य पालिकासँग संयुक्त लगानी | १०० | |
| ३ | प्रेश सल्लाहकार पारिश्रमिक/परामर्श १३ महिनाको २०००० को दरले | २६० | |
| ४ | खानेपानी, सरसफाई तथा स्वच्छता पाइप समेत आवश्यक ठाँउमा | ४०० | |
| ५ | तार/मेस जाली आवश्यकताको आधारमा आवश्यक ठाँउको लागि | ४५० | |

दुर्गा बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६ | मागको आधारमा विभिन्न संघ, संस्था, समिति विद्यालयलाई फर्निचर, फर्निसिङ्ग तथा अन्य जिन्सी सामान खरिद | ५०० | |
| ७ | शिक्षा योजना, शैक्षिक प्रोफाइल र अन्य कार्यक्रम तथा शिक्षा/लोकसेवा तयारी कक्षा | ४०० | |
| ८ | आर्थिक साँस्कृतिक, मेला, जात्रा व्यवस्थापनमा सहयोग | २०० | |
| ९ | सुन्तला पकेट क्षेत्रमा | ७०० | |
| १० | देवघाट सेवा केन्द्र फर्निचर खरिद | ५० | |
| ११ | कर्मचारी र विद्यालय स.का. थप तलव भत्ता | १४५० | |
| | जम्मा | ४७१० | |

## १०. श्रोत परिवर्तन (श्रोतान्तर) भएका कार्यक्रम/आयोजना/क्रियाकलाप

| संकेत नं. | खर्च शिर्षक | योजना/कार्यक्रमको नाम | रकम (रु. हजारमा) | साविक श्रोत | हाल कायम गर्ने श्रोत |
|---|---|---|---|---|---|
| १६२ | ३१११५९ | राष्ट्रिय आ.वि. काफलडाँडा घेराबार | २०० | नेपाल सरकार समानिकरण अनुदान | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| १५४ | ३११५९ | मधुचन्द्र कभर्ड हल | १००० | नेपाल सरकार समानिकरण अनुदान | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| १५१ | ३११५९ | भृकुटी मा.वि. कम्पाउण्ड निर्माण | १००० | नेपाल सरकार समानिकरण अनुदान | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| १७३ | ३११६१ | रानीवन सामुदायिक वन शिवालय मन्दिर कम्पाउण्ड | ५० | नेपाल सरकार समानिकरण अनुदान | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| ९ | २११३९ | मालपोत कार्यालय तनहुँलाई प्रशासनिक तथा मसलन्द खर्च अनुदान | १०० | आन्तरिक श्रोत | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| ५२ | २७२१२ | उद्धार व्यवस्थापन कार्यक्रम | ७०० | आन्तरिक श्रोत | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| ५७ | ३११११ | ३ नं. वडा कार्यालयको रिटेनिङ्ग वाल तथा तला थप | १००० | आन्तरिक श्रोत | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| १२९ | ३१११३ | गुम्बा व्यवस्थापन कार्यक्रम | ५०० | आन्तरिक श्रोत | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| १४९ | ३११५१ | कोटवैदी खानीभित्ता मार्ग | ५०० | आन्तरिक श्रोत | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| १६९ | ३११५९ | खाल्टे रंगशाला | ५०० | आन्तरिक श्रोत | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| १६७ | ३११५९ | गाउँपालिका स्तरीय रंगशाला कोटा १ | १००० | आन्तरिक श्रोत | राजश्व बाँडफाँड/प्रदेश सरकार |

| संकेत नं. | खर्च शिर्षक | योजना/कार्यक्रमको नाम | रकम (रु. हजारमा) | साविक श्रोत | हाल कायम गर्ने श्रोत |
|---|---|---|---|---|---|
| १०२ | २७२५२ | विपद पूर्व तयारी तथा विपद कायैयोजना निर्माण | ४०० | राजश्व बाँडफाँड/संघीय सरकार | राजश्व बाँडफाँड/प्रदेश सरकार |
| ३६ | २२५२२ | पूर्ण सरसफाई अनुगमन तथा सहजीरकण कार्यक्रम | ५०० | राजश्व बाँडफाँड/प्रदेश सरकार | आन्तरिक श्रोत |
| ९५ | २२५२९ | पूर्ण सरसफाई कार्यक्रम स्वयंसेवक परिचालन तलब प्रति व्यक्ति प्रति महिना रु.२००० का दरले | ७०० | राजश्व बाँडफाँड/प्रदेश सरकार | आन्तरिक श्रोत |
| १०८ | २२५२९ | कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम हेफर प्रोजेक्ट नेपाललाई | ७५०० | राजश्व बाँडफाँड/प्रदेश सरकार | आन्तरिक श्रोत ३१००<br>नेपाल सरकार समानिकरण अनुदान - २२५००<br>विपद पूर्व तयारी तथा विपद कार्ययोजना निर्माण - ४००<br>राजश्व बाँडफाँड/प्रदेश सरकार - १७५० |

## ११. गाउँपालिका स्तरीय योजना, कार्यक्रम तथा बजेटमा थपघट संशोधन

| संकेत नं. | खर्च शिर्षक | साविकका योजना/कार्यक्रमको नाम | रकम ( रु. हजारमा) | हाल कायम गर्नुपर्ने ( संशोधित) योजना/कार्यक्रम | बजेट (रु. हजारमा) | श्रोत |
|---|---|---|---|---|---|---|
| १५३ | ३११५९ | धर्मार्थ अस्पताल ट्रस निर्माण | १००० | सुन्तला पकेट क्षेत्र | ७०० | नेपाल सरकार समानिकरण अनुदान |
| | | | | वहुउद्देश्यीय पोषण कार्यक्रम | १०० | |
| | | | | धार्मिक, साँस्कृतिक मेला, जात्रा व्यवस्थापन र सरसफाईमा सहयोग | २०० | |
| ५४ | २२४१३ | करार सेवा शुल्क | १३०१५ | करार सेवा शुल्क | १२७५५ | नेपाल सरकार समानिकरण अनुदान |
| | | | | प्रेस सल्लाहकार | २६० | |
| ८८ | २२५२९ | बालमैत्री कार्यक्रम कार्ययोजना कार्यान्वयन | ५०० | विद्यालय कर्मचारी र वाल विकास स.का. थप तलव | ४५० | राजश्व बाँडफाँड, संघीय सरकार |
| | | | | देवघाट सेवा केन्द्र फर्निचर खरिद | ५० | |
| १७२ | ३११५९ | साराङ्घाट भलिबल खेलमैदान निर्माण | ३०० | वडा नं. १ र ५ को वडा कार्यालय भवन विस्तृत अध्ययन प्रतिवेदन | ३०० | आन्तरिक श्रोत |

दुर्गा बहादुर थापा
अध्यक्ष

| संकेत नं. | खर्च शिर्षक | साविकका योजना/कार्यक्रमको नाम | रकम ( रु. हजारमा) | हाल कायम गर्नुपर्ने ( संशोधित) योजना/कार्यक्रम | बजेट (रु. हजारमा) | श्रोत |
|---|---|---|---|---|---|---|
| १२८ | ३११५९ | छिपछिपे नमूना स्वास्थ्य चौकी योजना | ५०० | छिपछिपे नमूना स्वास्थ्य चौकी योजना | २०० | आन्तरिक श्रोत |
| | | | | खानेपानी, सरसफाई तथा स्वच्छता, पाइप खरिद समेत | २७० | |
| | | | | कृषि जिंगल | ३० | |
| १७४ | ३११६१ | भद्रकाली मन्दिर निर्माण | १०० | अन्य पालिकासँग संयुक्त लगानी | १०० | आन्तरिक श्रोत |
| १६५ | ३११७२ | कृषि अनुसन्धान केन्द्र, कोटवैदी | ५०० | खानेपानी, सरसफाई तथा स्वच्छता, पाइप खरिद समेत | १०० | नेपाल सरकार समानिकरण अनुदान |
| | | | | तार/मेस जाली आवश्यक ठाउँमा आवश्यकता अनुसार | ४०० | |
| १६१ | ३११११ | देवघाट सिकाई केन्द्र पुस्तकालय भवन निर्माण | ५०० | मागको आधारमा विभिन्न संघ-संस्था, समिति, विद्यालयलाई फर्निचर, फर्निसिङ्ग तथा जिन्सी सामान | ५०० | आन्तरिक श्रोत |
| २१६ | २२५२२ | सामूहिक माछापालन घण्टाचुली | १०० | बहुउद्देश्यीय पोषण कार्यक्रम | १०० | आन्तरिक श्रोत |
| १८५ | २२५२९ | कृषि मेला प्रदर्शनी कार्यक्रम | २०० | शिक्षा योजना शैक्षिक प्रोत्साहन र शिक्षा सम्बन्धि | २०० | आन्तरिक श्रोत |
| ६५ | २२४१४ | गाउँपालिकाको फोहर व्यवस्थापनको लागि आवश्यक सरसफाई शुल्क | १५०० | गाउँपालिकाको फोहर व्यवस्थापनको लागि आवश्यक सरसफाई शुल्क | १००० | राजश्व बाँडफाँड, संघीय सरकार |
| | | | | विद्यालय कर्मचारी र बालकक्षा स.का. तलव भत्ता | ५०० | |
| ६२ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्ति मर्मत सम्भार खर्च | १००० | निर्मित सार्वजनिक सम्पत्ति मर्मत सम्भार खर्च | ५०० | राजश्व बाँडफाँड, संघीय सरकार |
| | | | | विद्यालय कर्मचारी र बालकक्षा स.का. तलव भत्ता | ५०० | |
| | | **जम्मा** | १९२१५ | | | |

१२. सवै श्रोतका योजनाहरु क्रमशः कार्यान्वयन गर्दै जाने र यस आ.व.मा विनियोजन बजेटका श्रोत सवै प्राप्त हुन नसकेमा आगामी आ.व.मा भभुक्तानी दिइने छ ।

१३. प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमका योजनामा उपभोक्ता समितिले न्यूनतम २५ प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्ने हुनेछ ।

दुर्गा बहादुर थापा
अध्यक्ष

**कार्यसूची नं. ५)** हेफरसँगको सम्झौता कायम राख्ने प्रस्ताव

**निर्णयको व्यहोराः** गाउँ कार्यपालिकाको मिति २०७७/१२/२३ गतेको ६६ औं वैठकको निर्णय अनुसार देवघाट गाउँपालिका र हेफर संस्थाबिच विभिन्न वडाहारुमा कृषिजन्य आय-आर्जन गरी गरिबी निवारण गर्नको लागि कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन सम्झौता भएको र उक्त सम्झौतामा देवघाट गाउँपालिकाको तर्फबाट गाउँपालिका अध्यक्षबाट हस्ताक्षर भएकोमा मिति २०७८/०७/२९ गते प्रमुख प्रशासकीय अधिकृतबाट एक पक्षीय रुपमा जनप्रतिनिधिमूलक स्थानीय सरकारको निर्णय लत्याएर अवैधानिक रुपमा विना अधिकार सम्झौता भंग गरेकोमा उक्त सम्झौता भंग (रद्द) भएको नमानी सम्झौता कायमै राख्ने निर्णय गरियो ।